स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



मिस नेपाल सृच्छा प्रधानले विश्व सुन्दरी प्रतियोगिता मिस वर्ल्डमा 'वातावरणमैत्री' सहरको परियोजना प्रस्तुत गर्ने भएकी छन् । यसका लागि उनले पाटन सहरलाई 'इको-सिटी'को रुपमा विकास गर्ने अवधारणा अघि सारेकी हुन् । विश्व सिमसार दिवसको अवसरमा एक समारोह आयोजना गर्दै उनले मिस वर्ल्डको गृहकार्यस्वरुप आफू अहिल्यैदेखि जुटेको बताइन् । उक्त समारोहमा युवा उद्यमीले आफूले उत्पादन गरेका वातावरणमैत्री घरेलु सामाग्रीदेखि पहिरनसम्म प्रदर्शनीमा राखिएको थियो ।

**आजको विचार...**



नेपाल...
(दुई पेजमा)

खगेन्द्रराज सिटौला

नेपाली चलचित्रमा आफूले निर्वाह गर्ने भूमिकाप्रति कलाकार गम्भीर नरहेको चर्चा हुने गर्छ । सीमित बजेट र समयका कारण कलाकारले पात्रलाई आफूअनुकूल तयार गर्न नसकेको गुनासो गर्ने गरेका छन् । तर पछिल्लो समय अभिनेता सौगात मल्लले अभिनय गरेको 'द अनब्रेकेबल : अगस्त्य' को श्रव्यदृश्य सार्वजनिक भएसँगै मेहनतको प्रशंसा भइरहेको छ । अभिनेता मल्लले उक्त चलचित्रका लागि आफ्नो तौल २० किलोग्राम घटाएको जानकारी दिए । उनले चलचित्रमा लगभग दुवै आवरणमा आफूलाई देख्न सकिने जानकारी दिए ।



❑ वर्ष २९ ❑ अंक १८८ ❑ २०८० माघ २२ गते सोमबार 5 February 2024, Monday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# बालिकाको प्रश्न– 'वडा अध्यक्ष ज्यू ! कहिले बन्छ तानसेन बालमैत्री पालिका ?'

कृष्ण पोखरेल

**पाल्पा,** माघ २१/जतातत्तैका पालिकाहरु बालमैत्री घोषणा भइरहेका छन्, तानसेन सबै भन्दा पुरानो पालिका हो तर अहिलेसम्म पनि किन बालमैत्री बन्न सकेन ? 'वडा अध्यक्ष ज्यू ! कहिले बन्छ हाम्रो तानसेन बालमैत्री पालिका ?, अहिलेसम्म के-के तयारीहरु भएका छन् ? बालमैत्री नगरपालिका घोषणा हुँदा हामी जस्ता बालाबलिकाहरुले धेरै अधिकार पाईन्छ रे हो ?' यी प्रश्न हुन्- तानसेनस्थित देववाणी संस्कृत तथा साधारण मावि कक्षा ९ मा अध्ययनरत रोशनी पाण्डेको । तानसेन नगरपालिका-४ की पाण्डेले तानसेनमा आयोजित बालबालिकाहरुको चौतर्फी विकास तथा हकहित संरक्षण कार्यक्रममा सोझै वडा अध्यक्ष हेमन्तराज शाक्यलाई यस्तो प्रश्न गरेकी हुन् ।

बालमैत्री पालिका कहिले बन्छ भन्ने जिज्ञासाको जवाफ दिनै वडा अध्यक्ष शाक्यलाई गाह्रो भो । नहोस् पनि कसरी । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका-२०७८ मा व्यवस्था गरिए बमोजिम नेपाल सरकारले सबै





स्थानीय तहलाई विसं २०८७ सम्ममा बालमैत्री बनाउने लक्ष्य लिएको छ । तर पुरानो नगरका रुपमा रहेको तानसेनले अहिलेसम्म बालमैत्री घोषणा गर्न न छलफल चलाएको छ न त कुनै योजना नै बनाएको छ । जसले गर्दा बालिकाको सहजै जवाफ दिन अध्यक्ष शाक्यलाई असहज भएको हो । यद्यपी कार्यक्रमको प्रमुख अतिथिका रुपमा रहेका शाक्यले बालमैत्री नगरपालिका घोषणाको विषयमा हालसम्म कुनै छलफल तथा तयारी नभएकाले यस विषयमा नगर प्रमुख सन्तोषलाल श्रेष्ठसँग कुरा राख्ने जवाफ दिए । बालिका पाण्डेले उठाएको कुरा जायज रहेको भन्दै उनले पहिलो चरणमा बालबालिकाको हकहितको लागि नगरपालिकामा बालबालिका शाखा सञ्चालनको लागि नगर प्रमुखसँग अनुरोध गर्ने समेत प्रतिवद्धता जनाए ।

बालबालिकाहरुको माग, गुनासा तथा उनीहरुको हकहितका बारेमा वडा कार्यालयमा सम्पर्क राख्न समेत वडा अध्यक्ष शाक्यले बालबालिकाहरुलाई अनुरोध गरे । नेपाल सरकारले सबै स्थानीय तहलाई विसं २०८७ सम्ममा बालमैत्री बनाउने लक्ष्य लिएको छ । निर्देशिकामा बालमैत्री स्थानीय शासनका लागि तय गरिएका बाल बचाउमा १४, बाल संरक्षणमा १०, बाल विकास र बाल सहभागितामा ६-६ गरी सेवा प्रवाह सम्बन्धी ३६ र संस्थागत विकासमा १५ गरी ५१ वटा सूचक उल्लेख गरिएका छन् । निर्दिष्ट सूचकहरू पूरा गरेपश्चात् वडालाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा गर्न जिल्ला समन्वय समितिबाट सहमति लिएर वडा समितिको सिफारिसमा कार्यपालिकाको बैठकबाट स्वीकृति लिनुपर्ने, गाउँपालिका तथा नगरपालिकालाई सम्बन्धित प्रदेश मन्त्रालयबाट स्वीकृति लिएर बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्न सकिने प्रावधान छ । तर तानसेन नगर सरकारले अहिलेसम्म कुनै योजना बनाएको छैन । यहाँका बगनासकाली र रम्भा गाउँपालिका बालमैत्री गाउँपालिका घोषणा भईसकेका छन् भने तिनाउँ गाउँपालिका आगामी २०८३ फागुन भित्र घोषण गर्ने गरी काम शुरु गरेको छ । मखनटोल टोल विकास संस्थाको आयोजना, तानसेन नगरपालिका वडा -४ को आर्थिक सहयोगमा लक्षित कार्यक्रम अर्न्तगत आयोजना गरिएको उक्त कार्यक्रममा सहभागी ति बालिकाले तानसेन नगरपालिकाप्रति प्रश्न उठाउँदै जिज्ञासा राखेकी थिइन् । वडा कार्यालयको सहयोगमा संस्थाले विगतका वर्षहरुदेखि नै वडाभित्रका बालबालिकाहरुलाई भेला गरी बार्षिक रुपमा अभिमुखीकरण, हकहित, संरक्षण र चेतना, कानुनी अवस्था, बालअधिकारका विषयमा छलफल, प्रशिक्षण, अन्तर्क्रिया कार्यक्रम गर्दै आएको छ । कार्यक्रममा प्रशिक्षक कृष्ण गहतराजले नेपालमा बालबालिकाको अधिकार, कानुनी अवस्था, बालबालिकाको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकार, घरपरिवार, टोल छिमेक, समाज तथा विद्यालयमा बाल अधिकार, बाल क्लव गठन, काम कर्तव्य, जिम्मेवारी र अधिकारका बारेमा प्रशिक्षण दिएका थिए । प्रशिक्षण कार्यक्रममा वडा भित्रका ५० जना विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा मोहन कन्या माध्यमिक विद्यालयका प्रधानाध्यापक दिपक ज्ञवालीले वडा कार्यालयले विगतका वर्षहरुदेखि नै बालबालिका केन्द्रित कार्यक्रम गरी जिम्मेवारी बोध गरेको बताए । मखनटोल टोल विकास संस्थाकी निवर्तमान अध्यक्ष प्रमिला कार्कीले आजका बालबालिकाहरु नै भोलिका देश हाक्ने संवाहक भएकाले हरेक गतिविधिमा बालबालिकाहरुको सहभागिता अनिवार्य गर्दै जानुपर्ने बताइन् । मखनटोल विकास संस्थाले बालबालिकाको क्षेत्रमा काम गर्दै आएको कार्यक्रम संयोजक कल्पना भट्टराईले बताइन् । तालिममा सहभागी बालबालिकाहरुलाई खेलकुद सामग्री सहित प्रमाणपत्र वितरण गरिएको थियो । मखनटोल विकास संस्थाकी अध्यक्ष ज्ञानु कार्कीको अध्यक्षता, निवर्तमान अध्यक्ष प्रमिला कार्कीको स्वागत, सदस्य कल्पना भट्टराईको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## सक्षिप्त समाचार

### आजदेखि मौसममा सुधार हुँदै



**पाल्पा,** माघ २१/केही दिनदेखि बदली भएको मौसम आजदेखि सुधार हुने भएको छ । सोमबार साँझदेखि क्रमश: मौसममा सुधार हुँदै जाने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

पश्चिमी वायूसँगै आउने पश्चिमी न्यूनचापीय प्रणालीका कारण देशभरको मौसममा बदली भएको छ । सो मौसम प्रणालीका कारण आइतबार बागमती, लुम्बिनी र गण्डकी प्रदेशका केही स्थानमा हल्का वर्षा भएको थियो । पूर्वानुमान महाशाखाका अनुसार दिउँसोसम्मको तथ्याङ्क अनुसार कोशी प्रदेशको तराईमा मात्र मौसम सफा रहेको छ भने साधारणतया बाँकी स्थानको मौसम बदली रहेको छ । विगत २४ घण्टामा सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी र बागमती प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भएको महाशाखाले जनाएको छ ।

## प्रहरी जवानले गरे श्रीमती र छोराको हत्या




**घोराही (दाङ),** माघ २१/दाङमा एक प्रहरी जवानले श्रीमती र छोराको हत्या गरेका छन् । जिल्ला प्रहरी कार्यालय दाङमा कार्यरत ३२ वर्षीय प्रहरी जवान पिमलाल नेपालीले २२ वर्षीया श्रीमती टीका विक र अढाइ वर्षीय छोरा सुशान्त नेपालीको हत्या गरेका हुन् ।

नेपालगञ्जबाट श्रीमती आएकी छिन् भनी शनिबार राति कार्यालयबाट बिदा मागेर गएका नेपाली घोराहीको सहिद गेटस्थित सुपरलज होटलको कोठा नं १ मा बास बसेका थिए । आइतबार बिहान ७ बजेतिर आपसी विवाद भएपछि सलले घाँटी कसेर श्रीमती र छोराको हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । श्रीमती र छोराको हत्यापछि उनी आफैं प्रहरी कार्यालयमा उपस्थित भएको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायब उपरीक्षक जनकबहादुर मल्लले जानकारी दिए ।

नेपालीको घर रुन्टिगढी गाउँपालिका-९, रोल्पा हो भने श्रीमतीको माइती रुकुम चौरजहारी हो । मल्लका अनुसार नेपाली लामो समय नेपालगञ्जस्थित प्रहरी तालिम केन्द्रमा कार्यरत थिए । उनी दुई महिनाअघि मात्रै सरुवा भएर दाङ आएका थिए । उनले प्रहरीमा जागिर खाएको १० वर्ष भइसकेको मल्लले बताए । नेपालीलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । *-रासस*

## तानसेनको बसपार्कमा 'सडक स्वास्थ्य सहायता कक्ष' स्थापना

भरत शर्मा

**पाल्पा,** माघ २१/जिल्लाको सदरमुकाम तानसेनस्थित बसपार्कमा 'सडक स्वास्थ्य सहायता कक्ष'को स्थापना गरिएको छ । सडकमा हुने बढ्दो सवारी दुर्घटनालाई मध्यनजर गर्दै लुम्बिनी प्रदेश सरकारको सहयोगमा कक्ष स्थापना गरिएको हो ।

कक्षको लुम्बिनी प्रदेश सांसद वीरबहादुर रानाले शुभारम्भ गरेका हुन् । कक्षको सुभारम्भ गर्दै सांसद रानाले लामो दुरीको सवारी चलाउँदा चालकको मानसिक र शारिरीक अवस्था बुझ्न 'सडक स्वास्थ्य सहायता कक्ष' महत्वपूर्ण रहने बताए । उनले चालकले मोबाइलबाट कुरा गर्दै सवारी हाक्ने प्रचलन अत्याधिक बढेका कारण यात्रु संशकित हुने गरेको बताउँदै चालकको असावधानीका कारण अत्यधिक दुर्घटना



बढेकाले त्यसलाई रोक्न जरुरी रहेको धारणा व्यक्त गरे । सासंद रानाले टिपरको अत्यधिक गति र ओभर लोडलाई नियन्त्रण गर्ने विषयमा प्रहरी चनाखो बन्नुपर्ने बताए । जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख हेरम्व शर्माले राज्यले बनाएको नीति नियम पालनामा सबै सरोकारवालाको ध्यान पुग्न जरुरी रहेको बताउँदै प्रहरी सदैव नागरिकको सेवा र सुरक्षामा कटिवद्ध रहने बताए । कार्यक्रममा स्वास्थ्य कार्यालय पाल्पाका प्रमुख डा.राजेन्द्र गिरीले सडक दुर्घटनाका कारण धेरैको अकालमा ज्यान गुमेको भन्दै यसको न्युनीकणका लागि प्रदेश सरकारले यस्तो कार्यक्रम ल्याएको बताए । तानसेन नगरपालिका ६ का वडा अध्यक्ष सागरमान महर्जनले कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न नगरपालिकाले आवश्यक सहयोग गर्ने बताए । दिनानुदिन सवारीसाधन दुर्घटना बढ्न थालेपछि दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले सचेतना अभियानका रुपमा स्वास्थ्य सहायता कक्ष सञ्चालनमा ल्याइएको हो । स्वास्थ्य कक्षमा प्राथमिक उपचारका लागि चाहिने सामग्रीका साथै स्वास्थ्यकर्मीबाट चालक, सहचालक र यात्रुको स्वास्थ्य परीक्षण गरिने व्यवस्था मिलाइएको छ । चालकको स्वास्थ्य समस्या र असावधानीका कारण कतिपय दुर्घटना हुने हुदाँ चालकसहित सवारी धनी र यात्रुलाई समेत सचेतनाका लागि सहायता कक्ष स्थापना गरिएको स्वास्थ्य कार्यालयले जनाएको छ । प्रदेश सरकारको सहयोग, स्वास्थ्य कार्यालयको समन्वय, तानसेन नगरपालिका र जिल्ला प्रहरी कार्यलयको सहर्कायमा कक्ष स्थापना गरिएको हो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## ढिलासुस्तीप्रति खबरदारी गरौं

**विकास आयोजनाका काममा ठेक्का लाग्छ तर काम हुँदैन । सडक, पुल निर्माण कार्य सुरु हुन्छ, तर सकिँदैन । पुलका पिल्लर गाड्न थालिन्छन्, वर्षौं बिते पनि वारीपारी जोडिँदैन । कति ठाउँमा त पुल र सडक ठेक्कामा लाग्यो भनिन्छ तर, न ठेकेदार पुग्छन् नत मजदुर नै । जसका कारण देशमा अधिकांस विकास निर्माण अलपत्र छाडिने गरेको छ । यस्तो ढिलासुस्ती एउटा प्रवृत्तिकै रूपमा विकास हुँदै आएको छ । कुनै पनि आयोजना समयमै पूरा नभएपछि त्यसको लागत आकासिँदै जाने गरेको छ । ढिला हुने प्रवृत्ति निको नहुने रोगजस्तो बनेको छ । यो गम्भीर चिन्ताको विषय हो । यसले न त सरकारलाई अघि बढ्न सहयोग पु–याएको छ, न त आयोजनाबाट लाभान्वित हुने जनताले नै समयमा आयोजनाको लाभ लिन सकेका छन् । यसले आयोजनाबाट उत्साह जगाउने र सरकार तथा आममानिसको आत्मविश्वास बढाउनेभन्दा पनि निराश बनाउने काम गरेको छ । यस्तो प्रवृत्तिमाथि व्यापक सुधार हुन आवश्यक देखिन्छ । ठूला आयोजनामा यस्तो प्रवृत्ति देखिनु त छँदैछ, साना खालका सडक तथा पुल निर्माणमा पनि यस्तै प्रवृत्ति देखिनुले ठेकेदारप्रतिको विश्वास गुम्नुका साथै सरकारी संयन्त्रमाथि नै अनेक प्रश्न उठ्छन् । आयोजनाहरु तोकिएको समयमा निर्माण सम्पन्न नहुँदा यसको लागत र समय दुवै बढ्दै जानुले विकासको लक्ष्य हासिल गर्न नसकिने त छँदै छ, अर्कोतर्फ जनतामा निराशासमेत बढ्नु स्वाभाविक छ । निर्माण व्यवसायीहरुको ढिलासुस्तीका कारण आयोजनाहरु अलपत्र पर्नु राम्रो होइन । यसका लागि सरकार र जनस्तरबाटै दवाब सिर्जना गर्न आवश्यक छ ।**

**केही दिन अघि नेपाली काँग्रेस गुल्मीले जिल्लाभित्र सञ्चालनमा रहेका सडक, पुल निर्माण गर्ने कार्य समयमा नभएकाले त्यस क्षेत्रका आमजनताहरु समस्यामा परेको भन्दै सडक डिभिजन कार्यालय पाल्पालाई खबरदारीस्वरुप ध्यानाकर्षण गराएको थियो । यो कार्य आफैमा सकरात्मक मान्नुपर्छ । काँग्रेसले मात्र होइन अन्य राजनीतिक दल, नागरिक समाज, तीनै तहका सरकारले ढिलासुस्तीप्रति खबरदारी गर्नैपर्छ । सरकारले ढिलासुस्ती गर्ने निर्माण व्यवसायीहरुसँग कुनै पनि हालतमा ठेक्का सम्झौता गर्नु हुँदैन । अर्कोतर्फ एक आयोजनाको ठेक्का पाएको निर्माण व्यवसायीलाई सम्पन्न नगर्दासम्म अर्का ठेक्का दिनु हुँदैन । जनस्तरबाट समेत ढिलासुस्ती गर्ने निर्माण व्यवसायीलाई दबाव दिनुपर्दछ । यसो गर्न सकियो भने मात्र विकास आयोजनाको काम समयमा सकिने र देशको विकासले फड्को मार्न सक्छ । तसर्थ यसतर्फ सरकार, सम्बन्धित निकाय र आमनागरिकले खबरदारी गर्न जरुरी छ ।**

## Opinion @ Social Network


एक अर्काको कमि कमजोरी देखाएर हैन,
एक अर्काको तागत बनेर जिवनको अन्तिम सफर खतम होस् है हजुर ।
*(कमला मगरको फेसबुक स्टाटसबाट https://www.facebook.com/Mgrni.komal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपाल भारत र चीनको त्रिदेशीय सहयोग संगठनको निर्माण गरौं



**खगेन्द्रराज सिटौला**

नेपाल, भारत र चीन मिलेर त्रिदेशीय आर्थिक मन्च गठन गरेमा तीन देशलाई मात्र होइन एशिया र बाँकी विश्वलाई पनि लाभ हुन सक्छ । दुई विशाल जनसंख्या र एशियाका उदियमान आर्थिक, सैनिक शक्तिको रुपमा तीब्र गतिमा अघि बढिरहेका चीन र भारतसँग हातेमालो गरेर अघि बढने आर्थिक मन्च बनाउन नेपालले पहलकदमी लिने र दुई ठूला छिमेकीलाई सहमतिमा ल्याउन सकेमा नेपालको लागि भने धेरै लाभदायक हुन सक्छ । दुई ठूला देशका बीचमा उभिएर हातेमालो गर्दै अघि बढ्न सकेमा नेपालको विकासमात्र होइन शान्ति र एकतामा पनि योगदान पुग्दछ । यो प्रस्ताव नेपालले अघि बढाउनु पर्दछ । नेपाल, चीन, भारत आफैंमा प्राचीन इतिहास सभ्यता बोकेका मुलुक हुन् । भूगोल, हिमाल वा नदीले मात्र जोडिएका मुलुक नभएर धर्म सांस्कृति र दर्शनले समेत जोडिएका मुलुक हुन चीन, भारत र नेपाल । राजनीति स्तरमा मात्र नभएर जनस्तरमा समेत निकट सम्बन्ध भएका यी पुराना मुलुकहरुको छुट्टै आर्थिक संगठन बनाउन सकेमा लामो सभ्यता इतिहास र व्यापारको नविकरण र आधुनिककरण पनि हुनसक्छ । नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बतसँगको व्यापारको इतिहास धेरै लामो छ । वर्तमान भारत र नेपालको भूगोल भित्र प्राचीन कालदेखि साझा आध्यात्मिक चिन्तकले ज्ञानको ज्योति बालेको र त्यो ज्योतिले विश्वलाई नै ज्ञान र शान्तिको प्रकाश दिइरहेको छ । एशियाका ज्योति भनेर विश्वले सम्मान दिएका तर विश्वकै ज्योति भएका अहिंसा र शन्तिका प्रयाय भगवान गौतम बुद्ध जन्म, ज्ञान र धर्मको हिसावले पनि नेपाल भारत र चीन जोडिएका छन् । भगवान गौतम बुद्ध नेपालमा जन्मिए, भारतमा बुद्धत्व प्राप्त र देह त्याग गरे भने चीनको तिब्बत हुँदै चीनमा नेपाली राजकुमारी भृकुटी मार्फत बुद्धधर्म भएर फैलिए । यसरी नेपाल भारत चीन गौतम बुद्धले पनि जोडिएका छन् ।

नेपाल, भारत, चीनलाई भूगोलले मात्रै होइन आध्यत्मिकताले कसिलोसँग जोडेको दृष्टान्त गौतम बुद्ध मात्र होइन । हिन्दुहरुका महादेवको वासस्थान रहेको कैलाशकुट पर्वतले पनि नेपाल भारत चीनलाई त्यसरी नै जोडेको छ । नेपाल र भारतका हिन्दुहरु नेपालमा रहेको पशुपतिनाथलाई शिर र भारतमा रहेको केदारनाथलाई शरिर मान्दछन । त्यसरी नै भारत र नेपालका लाखौं हिन्दुहरु शिवजीको पवित्र बासस्थान चीनमा रहेको कैलाश पर्वतलाई मान्दछन् । त्यसरी नै चीनको तिब्बतका बौद्धमार्गीहरु पनि कैलाश पर्वतलाई त्यत्तिकै आदर गर्दछन् । यसरी नेपाल र भारतको मुटुमा र चीनको माटोमा रहेको पवित्र कैलाशकुट पर्वतको नाममा नेपाल, भारत, चीनको हित र जित हुने त्रिदेशीय आर्थिक मन्च वा संगठन गठन गर्नु भावनात्मक, आध्यात्मिक, राजनैतिक, व्यापारिक र व्यवहारिक हिसावले पनि सारै उपयुक्त हुन्छ । यस्तो आर्थिक मन्चले स्वभाविक तुलनात्मक रुपमा आर्थिक,प्राविधिक हिसाबमा कमजोर, जनसंख्या र आकारमा सानो नेपालले बढी फाइदा लिन सक्छ । तर यसले चीन भारतलाई पनि कम फाइदा हुँदैन । नेपालको जलश्रोतमा मात्रै चीन भारत नेपालले साझा लगानी गरेमा तीनवटै देशले बहुत फाइदा लिन सक्छन् । नेपालमा ठूला बाँध बनाएर जलमार्ग, विद्युत सिचाईं, कृषि पर्यटन उद्योग व्यापारबाट समेत तीनै देशले प्रत्यक्ष अप्रतक्ष लाभ लिन सक्छन् । सरकारी तथा निजी क्षेत्रका संयुक्त वा छुट्टा छुट्टै लगानीले तीनै देशका सरकार, जनता तथा लगानीकर्ता सबैले लाभ लिन सक्छन् । नेपाल चीन भारत रेलमार्गले जोडिन सके यसबाट तीनवटै मुलुकलाई सबै किसिमले लाभ पुग्दछ । चीनले अघि सारेको वान बेल्ट वान रोड अर्थात् रेशम मार्गको परियोजनामा नेपाल भारत सहजताको साथ जोडिएर यसबाट प्राप्त हुने लाभ लिन विलम्ब गर्नु हुँदैन । आर्थिकरुपमा मात्र होइन कि राजनीतिकरुपमा पनि यो मन्च लाभदायक हुन सक्छ । एकपल्ट युद्ध गरिसकेका र आर्थिक प्रतिस्पर्धामा रहेका चीन भारतको राजनीति सम्बन्धलाई पनि थप निकट बनाउन मदत गर्दछ यस्तो त्रिदेशीय संगठनले ।

नेपालले राष्ट्रवादको नाममा चीन कार्ड वा भारत कार्ड खेल्नु भनेको आफैले नेपाललाई नै समस्यामा पार्नु हो भन्ने नेपालका सबै आर्थिक तथा राजनीति शक्ति तथा व्याक्तिले बुज्नु पर्दछ । वास्तवमा यस्तो मन्च नेपालका राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले भनेको नेपाल चीन र भारत दुबैसँग सन्तुलित सम्बन्ध राखेर बढ्नुमा नै नेपालको हितमा छ को सार्थकरुप हो । नेपालरुपी तरुलले दुबैतिरबाट मल र बल प्राप्त गरेर दुबैको हित र राष्ट्रिय स्वार्थलाई नोक्सान नपारी अगाडि बढ्नु भन्ने राष्ट्रनिर्माताको याने पृथ्वीविचारको मर्म नै नेपालको लागि यस्तो त्रिदेशीय आर्थिक मन्च हुनसक्छ । यो मन्च मार्फत नेपाल, भारत,चीन हातेमालो गरेर सँगै अघि बढ्नु पर्दछ विकास, शान्ति र समृद्धिको बाटोमा । नेपालले तरुलका लहराले बेरे झैं भारत र चीनलाई मित्रताको अंगालोले बेर्नु पर्दछ । नेपालका राष्ट्रनिर्माताले पशि्चमा साम्राज्यवादी शक्ति र त्यसको धार्मिक आवरण राष्ट्रिय स्वाधीनता, एकता सार्वभौमिकता माथि जहिल्यै खतरा देखेका थिए र त्यो शक्तिलाई बेलैमा तह लाएको ऐतिहासिक पृथ्वीराजमार्ग तिनै देशको लागि सहि राजमार्ग हुनेछ । नेपालमा उभिएर पशि्चमा शक्तिहरुले, भारत, चीन विरोधी गतिविधि गर्ने कोशिसमा छन् धर्मनिरपेक्ष वा अन्य आवरणमा । नेपाल जस्तो बहुजातीय र छ्यासमिस बसोबास भएको मुलुकमा जातीय वा क्षेत्रीय मुद्दा उनीहरुको लागि सजिलो भएको छ । नेपालको यो प्रयोग सफल भयो भने यस्ता मुद्धा भारत चीनमा भित्र्याउन उनीहरुलाई सजिलो होस् । पशि्चमाहरुले धर्मनिरपेक्षको माध्यमबाट क्रिशि्चयानिटी फैल्याउन जातीय तथा क्षेत्रीय मुद्धा उचाल्न नेपालमा ठूलै लगानी गरेका छन् । यसको उद्देश्य नेपालमा टेक्ने उत्तर र दक्षिणका ठूला मुलुकलाई भविश्यमा रेट्ने नै हो । यदि माथि भनिए जस्तो त्रिदेशीय आर्थिक मन्च बनेको खण्डमा यस्ता पशि्चमा षड्यन्त्रहरु पर धकेलिन्छन् । यसले तीन देशको मात्र होइन एशियाको र विश्व कै शान्ति, स्थायित्व र समृद्धिमा योगदान पुऱ्याउँदछ । यो नेपाल, भारत चीन बिरोधीधारलाई नेपाल भारत तथा चीनको एकता र सहकार्यले मात्र परास्त गर्नसक्छ । तर भारत छिमेकीसँगको सुमधुर सम्बन्धबाट स्वत प्राप्त हुने लाभलाई बेवास्ता गर्दै पशि्चमाहरुको रणनीतिक स्वार्थको गोटी वा साझेदार बन्न गयो भने यो स्वयं भारतघाती काम हुनेछ । एसियाघाती काम पनि हुने छ । भारतले पशि्चमा स्वर्थको लागि चीनलाई उक्साउने दलाईलामा कार्ड बोक्ने गल्ति गर्नु हुँदैन । नेपाली उखान देशको देउता र गाउँको भूतको अर्थ र मर्म भारतले बुझे जस्तो देखिँदैन । त्रिदेशीय कैलास आर्थिक मन्च गठन गर्ने र यसलाई सकृय बनाउने हो भने तीनै देशका आपसी सम्बन्ध सुमधुर र तनावरहित हुनु पर्दछ । यसलाई पूर्वशर्त भने पनि हुन्छ । भारतसँग नेपालका केही सिमानाका र असमान सन्धीका गुनासाहरु छन् । ती गुनासाहरुलाई भारतले ऐतिहासिक तथ्यको आधारमा उदारतापूर्वक सम्बोधन गर्नु पर्दछ । ता कि नेपाल भारत बीचमा तनाव बढाउने वा गुनासा या द्वन्द्व बढाउने कुनै मुद्दानै नरहुन् । केही दशक अगाडि नेपालमा व्यवसाय गर्न आएका उसकै शब्दका भारतीय मुलका हुन् या भारतसँग भेष, फेस,मेस, मिल्ने भाषिक तथा साँस्कृतिक समुदायलाई काखी च्याप्ने र उक्साउने काम गर्नु हुँदैन भारतले । जसरी चीनले उत्तरतिरका बासिन्दालाई उक्साएको छैन । भारतले असल छिमेकीको लागि नेपाल चीन उदाहरणीय सम्बन्धबाट पाठ सिक्नु पर्दछ ।

भारतले नेपाल भारतको कोठेबारी हो भन्ने भ्रमबाट र चीन भारतको स्थायी दुस्मन हो भन्ने आग्रह र पूर्वाग्रहबाट मुक्त हुनुपर्छ । नेपालको भैरवा र पोखरा हवाई मैदानलाई आकाश मार्ग नदिने र चीनको लगानीमा उत्पादन भएको बिजुली नकिन्ने भारतको नीति स्वार्थी नीति मात्र होइन कि दुष्ट छिमेक नीति पनि हो । यस्तो नीति भारतले लिइरहने हो भने चाहेर पनि तीन देशको सम्बन्ध सुमधुर हुँदैन । समधुर सम्बन्ध भएन भने यस्तो संगठन बन्न सक्तैन । लिपुलेक लिम्पियाधुराको समस्यालाई ऐतिहासिक तथ्य र प्रमाणको आधारमा नेपालको सार्वभौमिकता भारत र चीन दुबैले स्वीकार्नु पर्दछ र लिपुलेकलाई त्रिदेशीय कैलाश मञ्चको लागि व्यवसायिक केन्द्र बनाउन सकिन्छ । त्यस्तै भारत र चीनका पनि सीमा लगायत अन्य विवादित मुद्दाहरुलाई शिथिलिकरण गर्न दुबै मुलुकले विशेष पहल गर्नु पर्दछ । किनभने तिनै देशको बीचमा सुमधुर सम्बन्ध भएमा मात्र आर्थिक मुद्दामा ध्यान जान सक्छ । सहज वातवरण भएमा मात्र आर्थिक मुद्दाहरुले सफलता प्राप्त गर्न सक्छन् । यो त्रिदेशीय मन्च उदाहरणीय सफल भएमा अन्य छिमेकी मुलुकहरु पनि यस्ता मन्च निर्माणमा सकृय हुन पुग्छन् । यसले विश्वमा शान्ति कायम राख्दै विकास गर्न सहयोग पुऱ्याउँदछ । सार्क प्रभावकारी भएको छैन । यो त्रिदेशीय मन्चले सार्कलाई पनि प्रभावकारी बनाउन मद्दत गर्दछ । सार्कको समस्या भारत र पाकिस्तान भित्रका नीति निर्माण तहमा रहेका पशि्चमाहरुका खेतालाहरुले समस्या चर्काइरहने हानिकारक भूमिका छ । त्रिदेशीय मन्चले छिमिकी देशको सम्बन्ध जति राम्रो भयो त्यतिनै विकास, शान्ति र समृध्दिमा योगदान पुग्छ भन्ने सन्देश सबैलाई दिन्छ । यो पाठबाट भारत र पाकिस्तानले पनि लाभ लिन सक्छन् । यसले सार्क लगायत सबै देशहरुले सकारात्मक लाभ लिन सक्छन् । नेपाल, भारत चीनलाई शिव भुभि भनेर चिनौं । शिवजीले बास गरेको, डुलेको, खेलेको भूमि हो । शिवभूमि भनेको अन्याय नगर्ने अन्याय गर्नेको विरुद्ध जमेर लड्ने र त्यसलाई परास्त गर्ने हो । विगतमा नेपाल, भारत, चीन तिनै देशले त्यसै गरेका छन् । शिवजीले योग शास्त्र विकास गरेको यो योग भूमि पनि हो । यो योग शास्त्रले पनि नेपाल, चीन, भारतलाई राम्ररी जोड्न सक्छ । त्यसरी नै माथि भनिए जस्तै नेपाल, भारत, चीन बुद्ध भूमि पनि हुन् । बुद्ध जन्मिएको भूमि नेपाल, बुद्धत्व जन्मिएको भूमि भारत र बुद्धत्व फैलिएको भूमि चीन भएकोले बुद्ध र बुद्धत्वद्धारा पनि यी तीन देश जोडिएका छन् । यसरी सागर देखि सगरको शिर उच्च हिमालयका पवित्र जलाधारले समेत जोडिएका नेपाल, भारत, चीन त्रिदेशीय कैलाश आर्थिक मन्च मार्फत जोडिएर इतिहासको नविकरण गर्ने महान दाइत्वमा एकजुट हुनुपर्दछ । यस्तो त्रिदेशीय आर्थिक मन्च गठन गरेर एकै दिन एकै समयमा लुम्बिनी, गया र कैलाशबाट विशेष समाहरोहको साथ घोषणा गरौं । नेपाल, भारत, चीनलाई पूर्वीय आध्यात्मिक सास्कृतिक दार्शनिक र सभ्यताको अध्यायन केन्द्र बनाउन सकिन्छ ।

पशि्चमा संस्कृति भनेको तोड्ने संस्कृति हो भने पूर्वीय संस्कृति भनेको जोड्ने संस्कृति हो । योग भनेकै जोड्ने संस्कृति हो । पूर्वीय योगशाश्त्रका नायक शिवजीको पवित्र बासस्थान कैलाशको नामबाट नेपाल, भारत, चीन जोडिएर नयाँ आर्थिक मन्च बनाएर अघि बढेमा यो आफैमा सत्यं शिवम् सुन्दरम् हुनेछ । कैलाश, पशुपतिनाथ र केदारनाथका मुलुकले नयाँ उर्जा र शक्ति पाउने छन् । पवित्र गंगा र ब्रम्हपुत्र नदीका जलाधारले जोडिएका यी तीन देश नेपाल, भारत र चीनको एकता साचै नेपाल र भारतको मुटुमा र चीनको माटोमा रहेको भोलेबाबा शिवजीको बासस्थान कैलाश, पशुपतिनाथ र केदारनाथ जस्तै पवित्र र संसारको शिर सगरमाथा जस्तै उच्च भएर रहने छ भन्ने विश्वास लिन सकिन्छ । शर्त एउटै हो सबैले एकअर्काको कुभलो नचिताई असल छिमेकीको धर्म नछोडेमा । तीनबटै देशलाई चेतना भया । ***-डिसी नेपाल डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:१९५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

- **मेष** : उपलब्धि राम्रै पाइनेछ । सामाजिक र धर्मकर्मको क्षेत्रमा मन लाग्नेछ ।
- **वृष** : प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ, यात्रा नगरेकै राम्रो हुनेछ ।
- **मिथुन** : जटिल काम सम्पादन हुनेछ । चिताएको कामले तीव्रता लिनेछ ।
- **कर्कट** : अध्यात्मको भावना जाग्न सक्छ । हर्षमा समय व्यतीत हुनेछ ।
- **सिंह** : धार्मिक यात्राको अवसर छ । कसैका लागि सन्तान प्राप्तिको योग छ ।
- **कन्या** : महत्वपूर्ण अवसर गुम्न सक्छ । यात्रामा सावधानी अपनाउनु पर्नेछ ।
- **तुला** : कार्यको चर्चा छ । स्वादिष्ट खानाको परिकार खान पाईन्छ
- **वृश्चिक** : शुभकार्यको चर्चा चल्नेछ । कान्ति र शान्ति छाउनेछ ।
- **धनु** : कार्यमा समस्या आउला । काम बिग्रने डर र नोक्सानी बेहोर्नु पर्ला ।
- **मकर** : दबाब र तनाव बढेको महशुस हुनेछ । कार्यमा समस्या आउला ।
- **कुम्भ** : लामो समयदेखि रोकिएका अधुरा कामहरूमा झमेला हुन सक्छ ।
- **मीन** : बुद्धिको उपयोग गर्नाले जटिल कामसमेत सम्पादन हुन सक्छ ।

## शिक्षा

# छात्रावासले चेपाङ बालबालिकाको पढाइमा सुधार



चितवनको इच्छाकामना गाउँपालिका-२ को वर्ल्याङस्थित राष्ट्रिय आधारभूत विद्यालयमा अधिकांश चेपाङ बालबालिका अध्ययन गर्छन् । यस विद्यालयमा अध्ययनरत ९० विद्यार्थीमध्ये २३ बालबालिका चेपाङ समुदायको अग्रसरतामा सञ्चालनमा ल्याइएको छात्रावासमा बस्छन् । गाउँपालिकाको आर्थिक सहयोगमा सञ्चालनमा ल्याइएको यस छात्रावासका कारण चेपाङ बालबालिकाको पढाइमा सुधार भएको छ । शतप्रतिशत चेपाङ बालबालिकाले आवासीय सुविधा लिइरहेको यो छात्रावासमा कक्षा ७ सम्म अध्ययन गर्ने २३ बालबालिका छन् । छात्रावास सञ्चालनपछि बालबालिका विद्यालयमा नियमित भएको र पढाइमा पनि सुधार आएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शेरबहादुर प्रजाले बताए ।

"बाबु आमा नभएका टुहुरा र विपन्न बालबालिकालाई छात्रावासमा राखेर अध्ययन गराइरहेका छौँ", उनले भने, "नजिकै रहेको विद्यालयमा उनीहरुले राम्रोसँग पढ्न पाएका छन् ।" हाल अध्ययन गरिरहेको विद्यालयबाट आधारभूत तह पार गरिसकेपछि माध्यमिक तहमा पढ्न कहाँ जाने भन्ने अन्योल रहेको उनले बताए । राष्ट्रिय आधारभूत विद्यालय वर्ल्याङले आगामी शैक्षिक सत्रमा कक्षा ८ खुलाउने तयारी गरिरहेको छ । "अहिलेसम्म गाउँपालिकाले संरक्षण गरिरहेको छ, व्यवस्थापनको पाटो हामीले नै हेरिरहेका छौँ", प्रजाले भने, "यी नानीबाबुलाई अबको एक वर्ष चिन्ता भएन, त्यसपछि कहाँ लैजाने भन्नेमा अन्योल छ ।" विद्यालयका प्राचार्य कमला भण्डारीले छात्रावासमा बसेर अध्ययन गरिरहेका विद्यार्थी पढाइमा पनि अब्बल बन्दै गइरहेका बताइन् । उनले यहाँ बसेका बालबालिकाले अनुशासित र सरसफाइमा समेत ध्यान दिने गरेको बताइन् । छात्रावासमा बसेर अध्ययन गरिरहेका बालबालिका पनि आवासीय सुविधासहित अध्ययन गर्न पाउँदा खुसी छन् । कक्षा ६ मा अध्ययनरत गीता चेपाङ छात्रावासमा बस्ने मौका पाएकै कारण आफूले पढ्न पाएको बताउँछिन् । "बाबा बित्नुभयो, आमाले दोस्रो विवाह गर्नुभयो, ठूलोबा, आमासँग बसिरहेको थिएँ, मलाई पढाउन सक्ने सम्भावना थिएन", उनले भने, "कक्षा ८ सम्म यहीं पढ्ने हो, त्यसपछि सर म्याडमले जहाँ पठाउनुहुन्छ त्यहीँ गएर पढ्ने हो ।" आमा र बुबा दुवैले दोस्रो विवाह गरेपछि अभिभावकर्वि वहीनजस्तै बनेकी सुनिता चेपाङ पनि मामाघरमा रहेकी थिइन् । कक्षा ६ मा पढ्ने उनका भाइहरु पनि यही छात्रावासमा बसेर पढिरहेका छन् । आृनो जन्मदिने बाआमाबाट टाढा रहनु परे पनि उनले आधारभूत शिक्षाका लागि अभिभावक पाएकी छन् । छात्रावासमै घरपरिवारजस्तो वातावरण भएको भन्दै उनले ढुक्क भएर पढ्न पाएको बताइन् । इच्छाकामना गाउँपालिकाले भौगोलिक विकटतालाई हेरेर विगत चार वर्षदेखि यो छात्रावास सञ्चालनमा ल्याएको हो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रजाका अनुसार सुरूको वर्ष गाउँलेबाटै नुन, तेल, चामल र तरकारी संकलन गरेर छात्रावासको सुरुआत गरिएको हो । अहिले गाउँपालिकाले वार्षिक रु पाँच लाख बजेट छुट्याइदिएको छ । "गाउँपालिकाले दिएको बजेटबाट खाना बनाउने आमालाई मासिक तलब र छात्रावासको भाडा तिर्ने काममा खर्च गर्न पाएको छ", उनले भने, "बाँकी खानपान र लत्ताकपडाका लागि दाताकै भर पर्नुपरेको छ ।" माध्यमिक तहको अध्ययन गराउनका लागि समस्या रहेको उनी बताउँछन् । "कक्षा ८ पढिसकेपछि कहाँ लगेर पढाउने भन्ने चिन्ता छ", उनी भन्छन्, "विद्यालयमा अध्ययनरत अन्य बालबालिका जाने काउले हो, तर छात्रावासका बालबालिकालाई कसरी पढाउने भन्ने नै सबैभन्दा ठूलो चिन्ताको विषय बनेको छ ।" गाउँपालिकासँग पनि यस विषयमा छलफल चलाइएको उनले बताए । वडा नं २ का अध्यक्ष पञ्चबहादुर चेपाङकै प्रयासमा यहाँ छात्रावास सञ्चालनमा आएको हो । कक्षा ८ सम्मका बालबालिकाका लागि गाउँपालिकाले लगानी गरिदिएको उनले बताए । अभिभावक नभएका टुहुरा बालबालिकालाई आवासीयरुपमा अध्ययन गराउने उद्देश्यका साथ छात्रावास सञ्चालनमा ल्याइएको उनले जानकारी दिए । "यहाँ खान बस्ने व्यवस्थासँगै बालबालिकालाई अतिरिक्त कक्षाको पनि व्यवस्था गरेका छौँ", उनले भने, "सबै विपन्न परिवारका बालबालिकालाई छात्रावासमा राखेर पढाएका छौँ ।" उनले सुरुमा जनप्रतिनिधि, शिक्षक र अभिभावकले मुठी दान गरेर छात्रावास सञ्चालन गरेको भन्दै अहिले गाउँपालिकाले वडामार्फत नियमित बजेट विनियोजन गरेर सञ्चालन गरिरहेको बताए । माध्यमिक तहभन्दामाथि एकै ठाउँमा विद्यालय नहुँदा अर्को विद्यालयमा छात्रावास चलाउन सक्ने सम्भावना पनि छैन", उनले भने, "त्यसकारण यस विषयमा स्थानीय अभिभावक, विद्यालय परिवार र जनप्रतिनिधि तथा सामाजिक संघसंस्थासँग पनि कुराकानी भइरहेको छ ।" गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङले छात्रावास सञ्चालनपछि चेपाङ बालबालिकाको पढाइमा सुधार आएको बताए । उनले गाउँपालिकाले छात्रावास भवन र अन्य भौतिक संरचना निर्माणका लागि सहयोग गर्ने बताए । उनले छात्रावासलाई सुरक्षित र व्यवस्थित बनाउन पहल गरिने बताए । चेपाङ बालबालिकालाई विद्यालयमा टिकाउन अन्य ठाउँमा पनि आवासीय सुविधासहितको विद्यालयको परिकल्पना गरिएको उनले बताए । *-रासस*

# जनक शिक्षामा दैनिक एक लाख थान पुस्तक छापिँदै

आगामी शैक्षिकसत्रका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले एक करोड १९ लाख थान पाठ्यपुस्तक छपाइ सम्पन्न गरेको छ । आउँदो शैक्षिक सत्रका लागि कक्षा ५ देखि १२ सम्मको पाठ्यपुस्तक छपाइको जिम्मेवारी पाएको केन्द्रले एक करोड ७४ लाख थान पाठ्यपुस्तक छपाइ गर्नुपर्नेमा अब ५५ लाख थान पाठ्यपुस्तक मात्रै छपाइ गर्न बाँकी रहेको केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले जानकारी दिए । चालु शैक्षिक सत्रका लागि गत वर्ष चैतमै कक्षा ६ देखि १२ सम्मको पुस्तक छपाइ गरेर शैक्षिक सत्र सुरु हुने बित्तिकै विद्यार्थीको हातहातमा पुस्तक पुऱ्याउन सफल भएपछि यस वर्ष सरकारले केन्द्रलाई कक्षा ५ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिएको थियो । "आउँदो शैक्षिक सत्रका लागि एक करोड ७४ लाख थान पाठ्यपुस्तक छपाइ गर्नुपर्नेमा एक करोड १९ लाख थान पाठपुस्तक छपाइ सम्पन्न गरिसकेका छौँ", केन्द्रका प्रबन्ध निर्देशक झाले भने, "अब बाँकी ५५ लाख थान पाठ्यपुस्तक पनि फागुन महिनाभित्रमा छपाइ सम्पन्न गर्नेछौँ ।" उनले पुस्तक छपाइका लागि आवश्यक कागज, मसीलगायत कच्चा पदार्थ पर्याप्त मात्रामा खरिद गरेर राखिसकेको बताउँदै पुस्तक छपाइको काम दुई सिृटमा सातै दिन, २४ सै घण्टा चलिरहेको जानकारी दिए । प्रबन्ध निर्देशक झाले भने, "हामीले अहिले २४ सै घण्टा दैनिक एक लाख थान पुस्तक छपाइ गरिरहेका छौं, २४ सै घण्टा पुस्तक पछ्याइको काम भइरहेको छ । छपाइ सकिएका पुस्तक सातवटै प्रदेशका केन्द्रका प्रादेशिक कार्यालयको गोदाममा पुर्याउने काम भइरहेको छ । गत वर्ष जस्तै यस वर्ष पनि हामी चैतदेखि पुस्तक वितरणको काम सुरु गर्छौं र समयमै विद्यार्थीको हातहातमा पुस्तक पुऱ्याउँछौं ।" उनले चैतदेखि पुस्तक वितरण सुरु गरी शैक्षिक सत्र सुरु हुँदा विद्यालय विद्यालयमा पुस्तक पुऱ्याएर विद्यार्थीको हातहातमा पुस्तक पुग्ने गरी तयारी गरेको बताउँदै कुनै हालतमा पनि पुस्तक अभाव नहुने र वितरणमा पनि ढिलाइ नहुने बताए । शिक्षा मन्त्रालयले यस वर्षको पुस्तक छपाइका लागि कक्षा १ देखि ४ सम्म निजी क्षेत्रका छापाखानालाई छपाइ तथा वितरणको जिम्मेवारी दिएको छ । केन्द्रका प्रबन्ध निर्देशक झाले भने कक्षा १ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिन सरकारसँग माग गरेको भए पनि कक्षा ५ देखिको जिम्मेवारी पाएको भन्दै अबदेखि सरकारले कक्षा १ देखिकै पुस्तक छपाइको जिम्मेवारी दिए केन्द्रले फागुनभित्रै पुस्तक पछ्याइ सम्पन्न गरेर चैतमा वितरण सम्पन्न गर्नसक्ने बताए । सरकारले गत वर्ष निजी क्षेत्रका छापाखानालाई कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक छपाइको जिम्मा दिए पनि यस वर्ष त्यसलाई खुम्च्याउँदै कक्षा ५ को पुस्तक छपाइको जिम्मेवारी निजीलाई नदिई केन्द्रलाई थप गरेको हो । पाठ्यक्रम विकास केन्द्रले कात्तिकमै शिक्षा मन्त्रालयमा पत्राचार गर्दै पुस्तक छपाइबारे छिटो निर्णय गर्न पत्राचार गरेको थियो । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको गत मङ्सिर १२ मा केन्द्रमै बसेको बैठकमा प्रबन्धक निर्देशक झाले सरकारले यसबारेमा चाँडै निर्णय गरी १ देखि १२ सम्मको आवश्यक पर्ने पुस्तक छपाइको जिम्मेवारी केन्द्रलाई दिन माग गरेका थिए । केन्द्रले जिम्मेवारी पाउने आशामा कक्षा ३ का केही किताब छपाइसमेत गरिसकेका थियो । *-रासस*

# पढ्न बेलायत आउनुअघि यी नीतिगत परिवर्तन थाहा पाएकै राम्रो

**दिपक भट्टराई**

आप्रवासीको संख्या ह्वात्तै बढेपछि बेलायतमा पनि सरकारले कडा भिसा नियम लागू गरेको छ । बेलायती गृह मन्त्रालयका अनुसार यो कदम विद्यार्थी भिसालाई पछाडिको ढोकाको रूपमा प्रयोग गर्नबाट रोक्नका लागि चालिएको हो । नयाँ नियम कार्यान्वयनमा आएसँगै अब बेलायतमा पढ्न जाने विद्यार्थीले आश्रित (डिपेन्डेन्ट) आफन्त लैजान पाउने छैनन् । विदेशी विद्यार्थी भित्र्याउने तर उनीहरूका आश्रित साथमा ल्याउन नदिएर आप्रवासीको संख्या पनि घट्ने र अर्थतन्त्र पनि जोगाइराख्न सकिने बेलायतका सरकारी अधिकारीहरूको बुझाइ छ । यसबाट सार्वजनिक सुविधाहरूमा थप सुधार पनि गर्न सकिन्छ । प्रवेशाज्ञा सम्बन्धी प्रावधानहरूलाई कसिलो बनाएसँगै हरेक वर्ष बेलायत प्रवेश गर्ने विद्यार्थीका आश्रितहरूको संख्यामा १ लाख ४० हजारले कमी आउनेछ । बेलायतको सरकारी तथ्यांकका अनुसार सन् २०२२ मा १ लाख २६ हजार आश्रित (विद्यार्थीका डिपेन्डेन्ट) भिसा स्वीकृत भएको थियो । त्यस्तै, सन् २०२३ को सुरुदेखि सेप्टेम्बरसम्म विद्यार्थीका १ लाख ५० हजारभन्दा बढी आश्रित सदस्यहरूले भिसा पाएका थिए । यो संख्या सन् २०१९ को सोही अवधिमा केवल १४ हजार मात्र थियो ।

**नीतिगत परिवर्तनको पृष्ठभूमि**

अहिले बेलायतमा कन्जरभेटिभ पार्टीको सरकार चलिरहेको छ । यो पार्टी अनुदार आप्रवासन नीतिको पक्षपाती मानिन्छ । उसले बेलायती जनता आप्रवासी न्यूनीकरणको पक्षमा छन् भन्ने विश्वास गर्छ । आप्रवासी प्रवेशमा प्रतिबन्ध लगाउने, समग्रमा विदेशी संख्या घटाउने पक्षमा यो पार्टी देखिन्छ । चुनाव पनि नजिकिएको छ । यतिबेला सत्तापक्षको कदममा विपक्षीले पनि चर्को आवाजमा विरोध गर्न सक्ने अवस्था देखिदैन । किनकि आप्रवासीको संख्या साँच्चै नै निकै बढेको देखिन्छ । नेट इमिग्रेसन अर्थात् युकेभित्र आउने र युके छोडेर जाने मानिसको संख्यामा गत वर्ष ७ लाख ४५ हजार मानिस थपिएको देखियो । यसरी तथ्याङ्कले नै एक वर्षमा यति ठूलो संख्यामा 'नेट इमिग्रेसन' आएको देखिन्छ । जबकि सन् २०१० देखि नै सकेसम्म प्रति वर्ष बेलायत आउने नेट इमिग्रेसन एक लाखभित्र झार्ने उनीहरूको उद्देश्य देखिन्छ । यति ठूलो संख्यामा आप्रवासीहरू कसरी बेलायत आए ? यसबारे उनीहरूले अध्ययन-अनुसन्धान गर्ने नै भए । उनीहरू विद्यार्थी, वर्क पर्मिट होल्डर र कोही नातेदारसँग आश्रित भएर आएका देखिन्छन् । बेलायतीको दृष्टिमा यहींको नागरिकसँग विवाह गरेरै आएको भए पनि सुरुमा त उनीहरू विदेशी नै हुन् । त्यसैले वैधानिक आप्रवासनबाट बेलायत आउने संख्यामै पनि कटौतीका लागि उनीहरूले विभिन्न नीतिमा काम गरिरहेका छन् । बेलायतको सरकारले विद्यार्थी र उनीहरूसँग आश्रित भएर आउनेहरूको संख्या ठूलो रहेको निष्कर्ष निकाल्यो र डिपेन्डेन्टलाई आउन नदिने नीति ल्यायो । बेलायतका विश्वविद्यालयहरूमा ठूलो संख्यामा विदेशी विद्यार्थी पढ्छन् । यही पृष्ठभूमिमा प्रति वर्ष १ लाख ५० हजारको संख्यामा विद्यार्थी डिपेन्डेन्ट कटौती गर्ने सरकारले नीति लिएको देखिन्छ । हालसालै बेलायत सरकारले केयर वर्करको डिपेन्डेन्ट पनि ल्याउन नपाउने नीति ल्याएको छ । उनीहरूको संख्या पनि बेलायतमा ठूलै छ । त्यस्तै, अहिले यहीं वैधानिक रूपमा बसिरहेकाहरूले आफ्नो श्रीमान्, श्रीमती वा १८ वर्ष नपुगेको सन्तान झिकाउनका लागि पनि स्पोन्सर गर्नुपर्ने हुन्छ । स्पोन्सरको लागि पनि मापदण्ड र थ्रेसहोल्डहरू बढाएको छ । अहिलेसम्म आफन्त (श्रीमान्/श्रीमती) ल्याउन वार्षिक १८ हजार ६०० तलब चाहिन्थ्यो भने अब ११ अप्रिलबाट यसलाई बढाएर २९ हजार बनाउँदैछन् । त्यसपछि यसलाई थप बढाएर ३८ हजार ७०० सम्म पुऱ्याउने भन्ने सुनिएको छ । नयाँ मिति नदिइए पनि चरण-चरणमा थ्रेसहोल्ड बढाउने काम भइरहेको छ । त्यस्तै, ३१ जनवरीबाट भिसा शुल्क धेरै क्याटेगोरीमा बढाएको छ । आप्रवासीहरूका लागि इमिग्रेसन हेल्थ सर्चार्ज (यहाँको डाक्टर र अस्पतालमा पहुँच राख्नका लागि तिर्नुपर्ने शुल्क) यही फेब्रुअरी ६ बाट ठूलो मात्रामा बढाइँदैछ (६२४ देखि १,०३५ पाउण्ड स्टर्लिङ वयस्कहरूका लागि प्रतिवर्ष र ४७० देखि ७७६ पाउण्ड स्टर्लिङ प्रति वर्ष बच्चाहरूको लागि) । बेलायतमा इमिग्रेसनमा अनुदार नीतिको पक्षपाती कन्जर्भेटिभ पार्टीको सरकार चलिरहेको छ । आप्रवासीको जनसंख्या घटाउनुपर्छ भन्ने नीतिअनुरूप उनीहरूले काम गर्ने भइहाले । यो नीति अन्तर्गत वैधानिक आप्रवासनमा पनि कडाइ गरिएको छ । यही वर्ष बेलायतमा आम निर्वाचन हुँदैछ । अहिलेसम्मको सर्भेहरूका अनुसार सम्भवत: कन्जरभेटिभ पार्टी पराजित हुन्छ र लेबर पार्टीले जित्छ भन्नेछ । यद्यपि लेबर पार्टीको यसबारेमा स्पष्ट नीति अहिलेसम्म आइसकेको छैन । त्यसैले सरकार बदलिए पनि आप्रवासन नीतिमा बदलाव आइहाल्छ भन्न सकिन्न । किनकि समग्रमा आप्रवासन न्यूनीकरण गर्ने नीतिमा उनीहरू पनि सहमत नै छन् ।

चुनाव नजिकिइरहेकोले होला, लेबर पार्टीले पनि सरकारले आप्रवासनमा अनुदार नीतिगत बदलावमा मुखर भएर विरोध गर्न सकिरहेका छैनन् । यद्यपि तलबको थ्रेसहोल्ड वृद्धिप्रति भने असहमति प्रकट गरेका छन् । अहिले राष्ट्रवाद संसारभरि नै दक्षिणपन्थी शासकहरूको लोकप्रिय नारा बनिरहेको छ । बेलायतमा पनि आप्रवासन 'हट टपिक' नै छ । त्यसैले पनि होला, लेबर पार्टी सरकारी नीतिको तीव्र विरोधमा उत्रन सकिरहेको छैन । तर, दलहरूबीच नीतिगत भिन्नता अवश्य पनि छ । यसको केही न केही प्रभाव नीतिमा अभिव्यक्त हुन्छ नै । अर्को ध्यान दिनुपर्ने कुरा, बेलायतमा अवैधानिक आप्रवासन पनि उल्लेख्य छ । इङ्गलिस च्यानल लगायतबाट चोरी बाटोबाट आउने, वैधानिक बाटोबाट आए पनि ओभर स्टे गर्ने लगायतबाट बेलायतमै बस्ने आप्रवासीको संख्या पनि ठूलो छ । अहिलेको सरकारले त्यसरी अवैधानिक ढंगले आउनेहरूलाई युकेमा शरणार्थी बन्न नदिने र तिनीहरूको आवेदन नै युके प्रक्रियामा नलैजाने र उनीहरूलाई रुवान्डामा लगेर असाइलमका लागि एप्लाई गराउने नीति ल्याएको थियो । तर त्यसलाई यहाँको सर्वोच्च अदालतले अवैधानिक छ भनिदियो । त्यसैले उनीहरूले अहिले संसदबाट नयाँ कानुन ल्याउने तयारी गरिरहेका छन् । जसमा अवैधानिक बाटोबाट आउनेहरूलाई रुवान्डा पठाउने व्यवस्था हुनेछ । यो नीतिको पक्षमा संसदमा बहुमत छ । यो नीतिको भने यहाँको विपक्षले विरोध गरेको छ । विपक्षीले पनि शरणार्थी आवेदन स्वदेशमै लिनुपर्छ भने पनि त्यसलाई स्वीकार्नुपर्छ भनेको चाहिं होइन । ब्रेक्जिटसँगै बेलायत यूरोपियन युनियनबाट बाहिर आयो । ईयूभित्र हुँदा त्यहाँभित्र रहेका २८ वटै देशको नागरिक अरू कुनै पनि देशमा जान, बस्न, काम गर्न कुनै रोकतोक थिएन । त्यसक्रममा बेलायतमा पूर्वी यूरोपबाट धेरै मानिस आए । फलत: ब्रेक्जिट नै भयो । आप्रवासनमा कडाइ एकप्रकारले ब्रेक्जिटकै निरन्तरता हो । अब युरोपबाटै पनि बेलायत आउन, बस्न र काम गर्न पर्मिट अनिवार्य हुन्छ ।

**समस्यामा विद्यार्थी**

बेलायतमा विद्यार्थीलाई हप्तामा २० घण्टा मात्र काम गर्न दिइएको छ । यसअघि विद्यार्थीले आफ्नो आश्रित श्रीमान्, श्रीमती वा सन्तान ल्याउन पाउँथे । अब त यो पनि बन्द भयो । आश्रितलाई ल्याउने सुविधा स्नातकोत्तर अनुसन्धान पाठ्यक्रमहरू (पोस्ट ग्र्याजुएट रिसर्च डिग्रीहरू), विद्यावारिधि र सरकारी छात्रवृत्तिमा आएका विद्यार्थीले मात्र पाउनेछन् । आप्रवासी लक्षित यी परिवर्तनहरू एकदमै नयाँ होइनन् । यस्ता प्रतिबन्धहरू पहिलादेखि नै सुरु भएका थिए र अहिले यो बढेको हो । सबै विश्वविद्यालय ठूला शहरमा हुँदैनन्, केही दुर्गम ठाउँहरूमा पनि छन् । त्यहाँ शुल्क र आवास-खानपिन खर्च कम भए पनि काम पाउन गाह्रो हुन्छ । काम पाउने मुख्य शहरहरूमा शुल्क र अन्य खर्च महँगो हुन्छ । विद्यार्थीले बेलायतमा दुई चार घण्टा काम गरेर विश्वविद्यालयको सबै शुल्क र अन्य खर्च आफैं जुटाउन सम्भव छैन । सामान्यत: वर्षको १२-१५ हजार पाउण्ड विश्वविद्यालयको शुल्क र बस्न खान अर्को ८-१० हजार पाउण्ड खर्च लाग्छ । यसरी कम्तीमा २०-२२ हजार पाउण्ड वर्षमा खर्च जुटाउनुपर्ने हुन्छ । यो खर्च ठाउँ अनुसार फरक पर्छ । यो खर्च विद्यार्थीले पढ्दै कमाएर जुटाउँछु भन्नु सम्भव नै हुँदैन । पहिलो त, नियमअनुसार धेरै काम गर्न पाइँदैन, दोस्रो काम नै पाइँदैन, पाइहाले पनि पढ्नु पनि पऱ्यो, काम गर्ने केवल अंशकालीन हो ।

**विद्यार्थी र अभिभावकले ध्यान दिनुपर्ने कुरा**

सूचनाप्रविधिको विकासले अहिले संसारको प्राय: सबै विषयमा जानकारी लिन सहज भएको छ । कुन विषय पढ्ने, कुन विश्वविद्यालयमा पढ्ने, आफू पढ्ने विश्वविद्यालय कस्तो ठाउँमा छ ? शुल्क कति लाग्छ ? बस्न खान मासिक खर्च कति लाग्छ ? किताब र स्टेशनरी, यातायात खर्चदेखि आफू पढ्ने विश्वविद्यालय नजिक पार्टटाइम काम पाइन्छ कि पाइँदैन लगायत सबै विवरण अभिभावक र विद्यार्थीले अनिवार्य बुझ्नुपर्छ । विद्यार्थीले पाठ्यक्रम (कोर्ष) कति वर्षको हो, त्यसअनुसार योजना बनाउनुपर्छ । यहाँ फाउन्डेसन डिग्री सहित स्नातक तह पढिसक्न चार वर्ष लाग्छ । वर्षको २०-२५ हजार खर्च हिसाब गर्दा पनि स्नातक तह सक्न झण्डै ८० हजारदेखि १ लाख पाउण्ड खर्च हुने देखिन्छ । त्यसैले अवास्तविक आकांक्षा राखेर पढ्न आउनुहुँदैन । लायतमा ४ वर्ष (एक वर्षको फाउण्डेसन डिग्री र ३ वर्षको ब्याचलर डिग्रीसहित) स्नातक तहभन्दा एकवर्षे स्नातकोत्तर तह अध्ययन योजना सफल भएको देखेको छु । किनकि प्राय:ले नेपालबाट आउँदै एक वर्षको शुल्क तिरिसकेको हुन्छन् । आउँदा केही रकम पनि बोकेर आएका हुन्छन् । कोर्ष पनि एक वर्षको मात्रै भयो । बेलायतमा पीआर एप्लाई गर्न लामो बसाइको बाटोबाट ( रेसिडेन्सी रुट) कम्तीमा १० वर्ष बसेको हुनुपर्छ । यसका लागि अरु बाटोहरू पनि छन् । जस्तै, वर्क पर्मिट/दक्ष कामदार भिसा वा परिवारको सदस्यमा डिपेन्डेन्ट भिसा ती बाटा हुन् । यसरी पीआरको लागि योग्य हुन ५ वर्ष आवश्यक पर्छ । तर नयाँ मापदण्डहरू अनुसार विद्यार्थीको रूपमा बेलायत आएर जसरी हिसाब गर्दा पनि १० वर्ष पूरा गर्न सकिदैन । पहिला पहिला पढाइलाई विस्तार गरेर १० वर्षसम्म बसेका विद्यार्थी पनि छन् तर अब नयाँ नीति अनुसार यो सम्भव छैन । कतिपयले अर्को बाटोमा स्वीच गरेर पनि पीआर पाउन प्रयास गरेको देखिन्छ । तर यो पनि सजिलो छैन । त्यसको लागि रोजगारदाता चाहिन्छ जसले रोजगारी दिनसक्छ । रोजगारदाताको लागि पनि अनुदार नीतिहरू बनाइएको छ । उसले पहिला आफैं सरकारी कार्यालयबाट लाइसेन्स लिनुपर्छ जुन त्यति सजिलो छैन ।

*-अनलाइन खबर डटकम*

# शान्ति समाज पाल्पाले भन्यो 'रुस–युक्रेन, इजरायल–हमास युद्ध तत्काल अन्त्य गर'



**पाल्पा,** माघ २१/मानव अधिकार तथा शान्ति समाज पाल्पाले रुस-युक्रेन, इजरायल र हमासको युद्धको विरोधमा प्रदर्शन गरेको छ । 'युद्ध निषेध : शान्ति विशेष' भन्ने अभियान सञ्चालन गरेको समाजले आइतबार तानसेनमा युद्धको विरोध स्वरुप तानसेनमा प्रदर्शन गरेको हो ।

युद्धले अशान्ति फैलाउने भन्दै समाजले शान्तिको बाटो रोज्न सबैलाई आह्वान गर्दै हिंसात्मक युद्ध रोक्न सम्बन्धित राष्ट्रलाई दवाब स्वरुप विरोध प्रदर्शन गरेको जनाएको छ । उसले तानसेनको टुँडिखेल नजिकै सडकमा विरोध प्रदर्शन गर्दै तत्काल युद्ध रोक्न सम्बन्धित निकायलाई आग्रह गरेको छ । विरोध प्रदर्शन कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख वक्ता एवं समाजका केन्द्रीय वरिष्ठ उपसभापति कृष्णबहादुर रावलले हिंसाले कसैको पनि कल्याण नगर्ने भएकाले शान्तिको बाटो रोज्नुपर्ने बताए । उनले भने 'हिंसाले सबैको क्षय गर्दछ, भने शान्तिले सबै जगतको जय गर्दछ ।' वरिष्ठ उपसभापति रावलले मानव अधिकार तथा शान्ति समाज सधै अहिंसाको पक्षमा आवाज उठाउँदै आएको बताए । उनले युक्रेन-रुसको द्वन्द्वले मानविय, भौतिक क्षति मात्र नभई नेपाली उपभोक्ताको भान्सामा समेत प्रत्यक्ष असर पुऱ्याएकाले तत्काल शान्तिको बाटो अवलम्बन गरी द्वन्द्व रोक्नुपर्नेमा जोड दिए । उपसभापति रावलले इजरायल र हमासको युद्धमा ठूलो संख्यामा नेपालीले समेत ज्यान गुमाउनु परेको र केही बेपत्ता पारिएको भन्दै त्यस खालको युद्ध रोक्नुपर्ने बताए । उनले हमास आक्रमणमा नेपाली विपिन जोशी लगायतका व्यक्तिहरु बन्धक बनाइएका सबैलाई विना सर्त रिहा गर्न समेत सम्बन्धित निकायकलाई आग्रह गरे । केन्द्रीय उसभापति रावलले संयुक्त राष्ट्र संघले हिंसात्मक युद्धलाई तत्काल रोक्न आवश्यक पहल गर्न जरुरी रहेको समेत उल्लेख गरे ।

कार्यक्रममा समाजका केन्द्रीय सदस्य अरुण ज्ञवालीले देशहरु एक आपसमा मिलेर गए मात्र विश्व शान्ति कायम हुने भन्दै हिंसात्मक बाटो बन्द गर्न सम्बन्धित राष्ट्रलाई आग्रह गरे । प्रदर्शनमा रुसः अति भयो युद्ध तत्काल अन्त्य गर, रुसः युक्रेनमाथि आक्रमण बन्द गर, रुसः युद्ध रोक, शान्ति रोज, रुसी सेनामा नेपालीलाई भर्ती गर्ने र युद्धमा प्रयोग गर्ने कार्य बन्द गर, इजरायलः तत्काल युद्धविराम गर, इजरायलः मानवता विरुद्धको अपराध बन्द गर, हमासः आतंकवाद बन्द गर, हमास : विपिन जोशी लगायत बन्धक बनाएका सबैलाई बिना सर्त रिहा गर जस्ता नारा लेखिएका प्लेकार्ड लिएर विरोध प्रदर्शन गरिएको थियो । कार्यक्रम समाजका कार्यवाहक सभापति सन्तवीर बरालको अध्यक्षता, सदस्य सुनिलबहादुर थापाको स्वागत, सचिव शुसिला रेग्मीको सञ्चालनमा भएको थियो । समाजले यस अघि साताव्यापी कार्यक्रमको आयोजना गरी तानसेनमा एनसेल घोटला प्रकरणको विरोध समेत गरेको थियो ।

# पोखराथोकमा जारी ज्ञान महायज्ञ सकियो

## महायज्ञभर वैज्ञानिक एवं व्यवहारिक प्रवचन



**पाल्पा,** माघ २१/जिल्लाको बगनासकाली गाउँपालिका-२ पोखराथोकमा जारी तीन दिने श्रीमद् भगवद् गीता ज्ञान महायज्ञ सकिएको छ । ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय पोखराथोक शाखाको आयोजनामा सञ्चालित महायज्ञ शनिबार सकिएको हो ।

समाजमा सकरात्मक सोंच र चिन्तनबाट मात्र तनाव व्यवस्थापन तथा जीवनमा शान्ति र आनन्द प्राप्त गर्न सकिन्छ भन्ने ज्ञान दिने उद्देश्यले माघ १८ गतेदेखि २० गतेसम्म महायज्ञ सञ्चालन गरिएको थियो । महायज्ञ अवधिभर वैज्ञानिक एंव व्यवहारिक प्रवचन दिइएको थियो । भागवद् वाचक राजयोगिनी ब्रह्माकुमारी अमृत दिदीले सतोगुणी र असल चरित्र निर्माण गर्न आध्यात्मिक दर्शनमा आधारित बैज्ञानिक एंव व्यवहारिक ईश्वरीय ज्ञान र मनलाई पवित्र बनाउने आधारका बारेमा जानकारी गराएकी थिइन् । उनले सैद्धान्तिक ज्ञानसँगै राजयोग साधनाका लागि अभ्यास समेत गराइन् । कार्यक्रमका संयोजक तथा ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय पाल्पाका सचिव ब्रह्माकुमार भानुप्रकाश पौडेलले सत्य ईश्वरीय ज्ञान र राजयोगको माध्यमबाट जीवनमा आध्यात्मिक एंव भौतिकता दुवैको समन्वय र सन्तुलन स्थापित गर्दै जीवनमा खुसी, सुख, शान्ति आनन्दका साथै ईश्वरीय शक्ति एंव वरदान प्राप्तिको अनुभूति गराउने उद्देश्यले महायज्ञ गरिएको बताए । उनले भने 'वर्तमान समय मानवमा व्याप्त चिन्त, तनाव, डिप्रेसन, दुख, भय र असुरक्षाले भड्की रहेको मानव मनद्वारा सिर्जित सर्व समस्याहरुको निरुपण गरी जीवनमा खुसी, सुख, शान्ति आनन्दका साथै ईश्वरीय शक्ति एंव वरदान प्राप्तिको अनुभूति महायज्ञले गराउने विश्वास लिएका छौं ।' महायज्ञमा सहभागी हुन स्थानीय, राजनीतिक दल, शैक्षिक, सामाजिक क्षेत्रका उच्चपदस्थ व्यक्तिहरु त्यहाँ पुगेका थिए ।

कार्यक्रममा सहभागी हुन पुगेका लुम्बिनी प्रदेश सांसद् एवं पूर्वमन्त्री वीरबहादुर रानाले समाजमा मानविय मूल्य मान्यताको विकास गरी सकारात्मक संकल्प र कर्मबाट नै अपराधिक तथा नकारात्मक धारणा र व्यवहार त्याग्न सकिने बताए । उनले सकारात्मक सोंचबाट नै जीवनको सार्थकता प्राप्त गर्न सकिने भएकाले राजयोग, साधना र दिव्य प्रवचन सुन्न सबैलाई आग्रह गरे । उनले भने 'वर्तमान परिवेशमा महायज्ञले नकारात्मक मनोभावनालाई परिवर्तन गरी असल चरित्रद्वारा समाजमा नैतिक मूल्यवान व्यवहारको विकास गर्न मद्दत गर्नेछ ।'

कार्यक्रममा बगनासकाली गाउँपालिकाकी अध्यक्ष सरस्वती चिदी, वडा अध्यक्ष तिर्थप्रसाद भट्टराई लगायतले बेला-बेलामा यस्ता कार्यक्रम भएमा तनावबाट ग्रसित मानव समुदायलाई मुक्त गराउन महत्वपूर्ण भूमिका खेल्न सक्नेमा विश्वास व्यक्त गर्दै यस्ता कार्यक्रमलाई स्थानीय सरकारले आवश्यक सहयोग समेत गर्ने बताए । विद्यालय पाल्पा क्षेत्रकी अध्यक्ष राजयोगिनी/ब्रह्माकुमारी प्रेमा दिदीको अध्यक्षता, राजयोगी ब्रह्माकुमार शिशिर रेग्मीको सञ्चालनमा कार्यक्रम भएको थियो । महायज्ञमा करिव ३ सय बढीले प्रत्यक्ष रुपमा लाभ लिएका छन् । महायज्ञको समापनपछि विद्यालयले माघ २१ देखि २७ गतेसम्म योग शिविर समेत सञ्चालन गरेको छ ।

## खेलकुद समाचार

# पुलिसले जित्यो प्रधानमन्त्री कपको उपाधि




**काठमाडौं,** माघ २१/नेपाल पुलिस क्लबले अपराजित रहँदै छैटौं संस्करणको प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय प्रतियोगिताको उपाधि जितेको छ । पुलिसले शनिबार फाइनलमा त्रिभुवन आर्मी क्लबलाई ६ विकेटले हराउँदै तेस्रो पटक उपाधि जितेको हो ।

विजेता पुलिसले १० लाख र उपविजेता आर्मीले ५ लाख रुपैयाँ प्राप्त गर्नेछन् । त्रिवि क्रिकेट मैदानमा १८२ रनको लक्ष्य पछ्याएको पुलिसले ३७.५ ओभरमा ४ विकेट गुमाउँदै पूरा गऱ्यो । पुलिसको जितमा शंकर रानाले ४३ बलमा ५ चौका र ४ छक्कासहित ६२ रनको अविजित इनिङ खेले । जितको लागि ६ रन चाहिँदा उनले कुशल मल्ललाई स्टेटमा छक्का हान्दै खेल अन्त्य गरेका थिए । आरिफ शेख ५४ बलमा १ चौका र १ छक्कासहित २७ रनमा नटआउट रहे । पुलिसले ओपनर दीलिप नाथलाई ७ र कुशल भुर्तेललाई १४ रनमै गुमाएको थियो । तेस्रो विकेटका लागि अर्जुन साउद र अमित श्रेष्ठले ५९ रनको साझेदारी गर्दै जित सहज बनाएका थिए । अमित ५१ बलमा २ चौकासहित २८ रनमा आउट भए । अमितको ८ रनमा विवेक यादवले क्याच छाडेका थिए । अर्जुन ५८ बलमा ४ चौकासहित ३६ रनमा आउट भए । आर्मीका जितेन्द्र मुखिया, कुशल मल्ल, साहब आलम र बसिर अहमदले १-१ विकेट लिए । टस हारेर पहिला ब्याटिङ गरेको आर्मी ४९.५ ओभरमा १८१ रनमा अल आउट भएको थियो । आर्मीका अलराउन्डर विवेक यादवले ८१ बलमा ७ चौका र १ छक्कासहित ६३ रन बनाएपनि जितको लागि पर्याप्त हुन सकेन । तीव्र गतिका बलर सोमपाल कामीले ५८ बलमा १ चौका र १ छक्कासहित ३९ रन बनाए । एक समय ६९-७ को अवस्थामा पुगेको आर्मीलाई आठौं विकेटका लागि सोमपाल र विवेक यादवले ५९ रनको महत्वपूर्ण साझेदारी गरेका थिए । अन्तिम विकेटका लागि विवेकले जितेन्द्र मुखियासँग ४२ रनको साझेदारी गरेका थिए । जितेन्द्र ११ बलमा २ रनमा नट आउट रहे । स्पिनर सहयोगी पिचमा आर्मीका शीर्ष र मध्यक्रमका ब्याटर धेरै समय क्रिजमा टिक्न सकेनन् । चोभार एन्डबाट आएका स्पिनर ललितनारायण राजवंशीले शीर्ष तीन ब्याटरलाई आउट गर्दै दबाबमा राखेका थिए । पाँचौं ओभरको पहिलो बलमा ललितले सन्तोष कार्कीलाई ६ रनमा बोल्ड आउट गरे । भीम सार्कीलाई अर्को ओभरमा ५ रनमा एलबीडब्लू आउट गरे । सातौं ओभरको अन्तिम बलमा सन्दीप रजालीलाई ललितले शून्यमा बोल्ड आउट गरेपछि आर्मी ७ ओभरमा १९-३ को अवस्थामा पुगेको थियो । दशौं ओभरको तेस्रो बलमा कप्तान विनोद भण्डारी २ रनमा कट एन्ड बोल्ड आउट भए । करण केसीको बलमा उनी क्याच आउट भएका थिए ।

## अर्थ/कर्पोरेट समाचार

# कारोबारको पहिलो दिन नेप्सेमा गिरावट



**पाल्पा,** माघ २१/साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकले गिरावट आएको छ । नेप्से परिसूचक पाँच दशमलव ३१ अंकले गिरावट आएको हो ।

नेप्से घटेसँगै दुई हजार ६१ दशमलव ७० को बिन्दुमा कायम भएको छ । सो अवधिमा विभिन्न कम्पनीका तीन सय सात कम्पनीको ९२ लाख ७२ हजार सात सय ८२ कित्ता शेयर ७० हजार सात सय ९० पटक खरिदबिक्री हुँदा तीन अर्ब २१ करोड ६७ लाख २७ हजार दुई सय २१ बराबरको कारोबार भएको छ । विकास बैंक शून्य दशमलव ६६, वित्त समूह शून्य दशमलव ४०, लगानी समूह शून्य दशमलव ०९ र निर्जीवन बीमा समूहको उपसूचक शून्य दशमलव ५१ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै अन्य समूहको उपसूचक एक दशमलव ०४ र जीवन बीमा समूहको उपसूचक शून्य दशमलव ५४ प्रतिशतले घटेको छ । युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ भने महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा पाँच दशमलव ३७ प्रतिशतको गिरावट आएको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ३३ करोड ५८ लाख ३२ हजार आठ सय नौ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको पाँच लाख २५ हजार ५८ कित्ता शेयर किनबेच भएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई